# गुलरिया नगरपालिका

# स्थानीय राजपत्र

गुलरिया नगरपालिकाद्धारा प्रकाशित

वर्ष १ गुलरिया,माघ ०७ गते,२०७५ साल

## भाग-२

**गुलरिया नगरपालिका नगरकार्यपालिकाको सुचना**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गुलरिया नगरपालिकाको नगरकार्यपालिकाले मिति २०७५/१०/०७ मा जारि गरेको कार्यविधि/नियामावलि/निर्देशिका सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ।

संवत २०७५ सालको कार्यविधि न. १०

गुलरिया नगरपालिकाको नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन कार्यविधि,२०७५

आज्ञाले,

रामचन्द्र पौडेल

प्रमुख प्रशासकीय अधिकृत

# गुलरिया नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन कार्यविधि, २०७५

नेपालको संविधान, विद्यामान खेलकुद निति तथा खेलकुद विकास ऐन एवं नियमावलीको मर्म र भावना अनुरुप खेलकुदको समुचित विकास तथा विस्तारका लागि प्रारम्भिक आधारको रुपमा रहेका विद्यालयहरुलाई केन्द्रविन्दु बनाई खेलकुद प्रतिभाको खोजी गदै प्रतिभाको संरक्षण, संबर्द्धन र प्रबर्द्धन गर्ने, राष्ट्र निर्माण एवं विकासमा खेलाडीहरुको भूमिकालाई सबल, सक्षम एवं प्रभावकारी बनाउन स्थानीय, प्रदेश र संघस्तरीय विभिन्न खेलकुद प्रतियोगिताहरुमा सहभागी गराई उत्कृष्ट अनुशासित र सक्षम खेलाडीहरु तयार पादै भविष्यमा राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका प्रतियोगितामा सहभागि राष्ट्रको छवि उच्च बनाउन योगदान पुरयाउन सक्ने खेलाडी तयार गर्ने एवं संघीय प्रणाली अनुरुप  नगरपालिका अन्तर्गतका विद्यालयहरुको सहभागितामा सञ्चालन हुने खेलकुदका प्रतियोगिताहरुलाई अनुशासित, मर्यादित र व्यवस्थित रुपले सञ्चालन गर्ने उदेश्यले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४को परिच्छेद३दफा११को उपदफा४(क)को अधिकार प्रयोग गर्दै सोही ऐनको दफा(११)को उपदफा(७)बमोजिम गुलरिया नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन कार्यविधि,२०७५तयार गरी जारी गरिएको छ ।

परिच्छेद -१

## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)यो कार्यविधिको नाम " गुलरिया नगरपालिका राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "मन्त्रालय" भन्नाले खेलकुदसँग सम्बन्धित विषय हेने संघीय मन्त्रालयलाई सम्झनुपर्छ ।

(ख) "परिषद्" भन्नाले राष्ट्रिय खेलकुद परिषद्लाई सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले गुलरिया नगरपालिका लाई सम्झनुपर्छ ।

(घ) "प्रदेश स्तरीय खेलकुद विकास समिति" भन्नाले परिषद् अन्तर्गत गठित प्रदेश स्तरको खेलकुद गतिविधि सञ्चालन गर्ने निकायलाई सम्झनुपर्छ।

(ङ) "जिल्ला खेलकुद विकास समिति" भन्नाले परिषद् अन्तर्गतको जिल्ला स्तरीय निकायलाई सम्झनुपर्छ ।

(च) "नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले प्रत्येक शैक्षिक सत्रमा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरुबीच आ–आफ्नो समूहमा हुने एथ्लेटिक्स, भलिबल, कराँते,तेक्वान्दो, उसु र कबड्डी प्रतियोगितालाई सम्झनुपर्छ । जुन प्रतियोगिता नगरपालिका स्तरमा सञ्चालन हुनेछ ।

(छ) ‘‘निर्वाचन क्षेत्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता’’ भन्नाले प्रत्येक शैक्षिक सत्रमा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरुबीच आ–आफ्नो समूहमा सम्बन्धित प्रतिनिधि सभाको निर्वाचन क्षेत्रमा हुने अन्तर विद्यालय खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ।

(ज) ‘‘जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता’’ भन्नाले त्यसै चालु शैक्षिक सत्रमा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरू बीच आ–आफ्नो समूहमा जिल्लाभित्र हुने अन्तर विद्यालय खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ।

(झ) ‘‘प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता’’ भन्नाले जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई उत्कृष्ट स्थान हसिल गरी सम्बन्धित जिल्ला खेलकुद विकास समितिबाट सिफारिस भई आएका खेलाडीहरुबीच सम्बन्धित प्रदेशमा हुने खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ।

(ञ) ‘‘केन्द्र स्तरीय (संघस्तरीय) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता’’ भन्नाले प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई उत्कृष्ट स्थान हसिल गरी सम्बन्धित प्रदेशस्तरीय खेलकुद विकास समितिबाट सिफारिस भई आएका खेलाडीहरुबीच हुने खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ।

(ट) ‘‘मार्सल आर्ट खेल’’ भन्नाले कराते,तेक्वान्दो र उसु खेलहरुलाई सम्झनु पर्छ।

(ठ) ‘‘टिम गेम’’ भन्नाले भलिबल, कबड्डी र रिले दौड खेललाई सम्झनु पर्छ।

(ड) ‘‘मस्कट’’ भन्नाले प्रत्येक वर्ष आयोजना गरिने राष्ट्रपति रनिङ शिल्डका लागि केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा मन्त्रालयले घोषणा गर्ने प्रतीक चिन्हलाई जनाउँछ।

(ढ) ‘‘लोगो’’ भन्नाले परिषद्को सिफारिसमा मन्त्रालयबाट स्वीकृत गरी लागु गरिएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको चिन्हलाई जनाउँछ।

परच्छेद–२

## नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

### ३. प्रतियोगिताको आयोजना तथा व्यवस्थापन:

(३.१) गुलरिया नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्न नगर प्रमुखको संयोजकत्वमा देहायका सदस्यहरु रहेको नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन हुनेछ।

(क) नगरपालिकाको नगर प्रमुख – संयोजक

(ख) नगरपालिकाको उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) सामाजिक विकास समिति संयोजक-सदस्य

(ङ) प्रतियोगिता सञ्चालन हुने स्थानको वडाको अध्यक्ष -सदस्य

(च) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि – सदस्य

(छ) जिल्ला स्थित  नेपाली सेनाले तोकेको सेना अधिकृत  – सदस्य
(ज) जिल्ला प्रहरी कार्यालयले तोकेको प्रहरी अधिकृत – सदस्य
(झ) जिल्ला स्थित सशस्त्र प्रहरी  कार्यालयले तोकेको सशस्त्र प्रहरी अधिकृत – सदस्य
(ञ) नगर खेलकुद विकास समितिका अध्यक्ष – सदस्य
(ट) प्रतियोगिता सञ्चालन हुने विद्यालयको प्रधानाध्यापक वा संस्थाको प्रमुख – सदस्य
(ड) नगरपालिकाका  सामुदायिक र संस्थागत विद्यालयहरु मध्येबाट नगर प्रमुखले मनोनयन गरेको १/१ जना प्रधानाध्यापक – सदस्य
(ढ) नगरमा खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको १ जना महिला सहित २ जना – सदस्य
(ण) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख –सदस्य-सचिव

**(३.२) नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको काम,कर्तव्य  र अधिकारः–**

(क) नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा अनुगमन गर्ने।
(ख) नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजनाका लागि आवश्यक पूर्वाधार विकास र व्यवस्था गर्ने।
(ग)नगर स्तरीय  राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्न  निर्धारित तालिका अनुसार हुने गरी मिति तथा समय तोकी उपयुक्त स्थान छनौट गर्ने।
(घ) नगर स्थित सम्पूर्ण विद्यालयहरुलाई प्रतियोगितामा भाग लिना प्रोत्साहन गर्ने।
(ङ) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना सम्बन्धमा नगर स्तरीय खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिने तथा सो आयोजना सम्बन्धमा विवाद उत्पन्न भएको अवस्थामा समाधान गर्ने।
(च) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तय गर्नेछ।
(छ) प्रतियोगितालाई व्यवस्थित र मर्यादित बनाउनका लागि सरोकारवाला निकायहरुसँग आबश्यक समन्वय गर्ने।
(ज) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि सम्बन्धित नगरमा विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गर्ने गरी प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाउने।
(झ) प्रतियोगिता सञ्चालनका लागि आवश्यक थप आर्थिक श्रोत जुटाउन पहल गर्ने।

**(३.३)नगर स्तरीय आयोजक समितिको काम, कर्तव्य र अधिकारहरुः–**

(क) नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थित एवं मर्यादित रुपमा सञ्चालन गर्ने।
(ख) प्रतियोगिताका लागि आवश्यक स्रोत, साधन तथा सामग्रीहरु व्यवस्थापन गर्ने।
(ग) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक, प्रचारप्रसार जस्ता उपसमितिहरु गठन गर्ने।

(घ) प्रतियोगिताका लागि आवश्यकता अनुसार अन्य निकायहरु तथा व्यक्तिहरुसँग समन्वय गर्ने ।

(ङ) अधिकतम विद्यालयहरु सहभागी गराई सफलता पूर्वक कार्यक्रम सम्पन्न गर्ने ।

(च)नगर स्तरीय प्रतियोगिता सम्पन्न गरी विजयी खेलाडीहरुलाई निर्धारित कोटा अनुसार छनौट गरी जिल्लास्तरीय प्रतियोगितामा सहभागी गराउने ।

(छ) नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिले दिएको निर्देशनहरु पालन गर्ने, गराउने ।

**४. प्रतियोगिता सञ्चालन प्रक्रिया**

(१) नगर स्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित विद्यालयले अनुसुची– १ बमोजिमको फाराम खेलाडी विद्यार्थीबाट भराई तोकिएको समयमा आयोजकलाई उपलव्ध गराउनु पर्नेछ ।

(२) नगर स्तरीय प्रतियोगिताका विजयी खेलाडी र विद्यालयहरूलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा क्रमशः अनुसुची २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) नगर स्तरीय प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्टहरू अनुसुची–४ मा उल्लेख गरे बमोजिम हुनेछन् ।

(४) आयोजकले नगर स्तरीय लगायत सबै प्रतियोगिता मौसमको अनुकूलतासमेत हेरी चालु आर्थिक वर्षको चैत्रको मसान्त भित्र सम्पन्न गरिसक्नुपर्नेछ । नगरस्तरीय प्रतियोगिता सम्पन्न नगरी जिल्लास्तरीय प्रतियोगितामा सहभागी पठाउना पाइने छैन ।

(५)नगर स्तरीय प्रतियोगिता आयोजकले प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलहरूको विवरण सहितको जानकारी कम्तिमा१५दिने अगावै विद्यालयहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(६) नगर स्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित विद्यालयले अनुसुची–१ बमोजिमको फाराम खेलाडी विद्यार्थीबाट भराई तोकिएको समयमा आयोजकलाई उपलव्ध गराउनु पर्नेछ ।

(७) नगर स्तरीय प्रतियोगिताको आयोजकले प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन अनुसुची– ५ बमोजिमको ढाँचामा जिल्ला खेलकुद विकास समिति तथा नगरपालिकामा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

(८) प्रस्तुत प्रतियोगिता नियमित प्रतियोगिता भएकाले अघिल्लो वर्षको शिल्ड नै विजयी विद्यालयलाई रनिङ शिल्डको रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिईने छ, तर एउटै विद्यालयले निरन्तररूपमा तीन पटकसम्म रनिङ शिल्ड जितेमा सो शिल्ड उक्त विद्यालयले सधैँको लागि राख्न पाउनेछ ।अगामी प्रतियोगिताका लागि आयोजकले नयाँ शिल्ड बनाउनु पर्नेछ । रनिङ शिल्ड हराएमा, नासिएमा वा मासिएमा जिम्मा लिएको निकायले साविक बमोजिमकै रनिङ शिल्ड तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ । नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रयोग हुने शिल्डको नमूना रा.खे.प.को सिफारिसमा मन्त्रालयले तोके बमोजिमको हुनेछ ।

(९) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले प्रत्येक इभेन्टसमा बढीमा २ खेलाडीहरूलाई सहभागी गराउन सक्नेछ । प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिना पाउनेछ । रिले खेलको हकमा माथिको नियम लागु हुने छैन र एउटा विद्यालयले महिला तथा पुरूष रिलेको प्रत्येक इभेन्टमा १/१ समूहमात्र सहभागी गराउन सक्नेछ।

(१०) प्रत्येक विद्यालयले भलिबल खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरू पठाउना सक्नेछन् ।

(११) आयोजकले प्रतियोगिताको टाइसिट सकेसम्म कम्तिमा सहभागी विद्यालयको बहुमत विद्यालयका बहुमत विद्यालयका प्रतिनिधिहरूको रोहवरमा निर्माण गर्नुपर्नेछ ।

(१२) नगर स्तरीय प्रतियोगिताको आयोजकले प्रत्येक इभेन्टसका विजयी खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । मार्सल आर्ट र भलिबल तर्फ (छात्र/छारा) छुट्टा छुट्टै प्रथम, द्वितिय र तृतीय हुने विद्यालयहरूलाई ट्रफीको व्यवस्था गर्नुपर्नेछ । सञ्चालित प्रतियोगितामा प्रथम हुने विद्यालयलाई शिल्ड सहित नगद रु १०,०००।— र प्रमाणपत्र प्रदान गर्नुपर्नेछ । द्वितिय र तृतीय हुने विद्यालयहरुलाई क्रमशः रू. ७,०००।— र रू. ५,०००।— का दरले नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(१३) नगरपालिकाले जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन पठाउँदा सम्बन्धित खेलाडीलाई पोशाक र नगरको झन्डाको व्यवस्था गर्नु पर्नेछ। उक्त प्रतियोगितामा सहभागी हुने खेलाडीको आतेजाते यातायात खर्च नगरपालिकाले व्यहोर्ने छ ।

(१४)आयोजकले प्रतियोगिता सञ्चालन गर्न स्थानीयस्तरमा पनि थप स्रोत जुटाउन सक्नेछ ।

(१५) काबुबहिराको विशेष परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नुपरेमा सोको कारणसहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरा समेतको लिखित जानकारी नगर स्तरीय खेलकुद विकास समिति र नगरपलिकालाई आयोजकले गराउनु पर्नेछ।

(१६) पूर्वाधार र बसोबासको व्यवस्थालाई समेत विचार गरि इच्छुक विद्यालयहरुका विच बर्षै पिच्छे अलग अलग स्थानमा आपसी समझदारीमा झन्डा हस्तान्तरण गरिने प्रक्रियाद्वारा प्रतियोगिता सञ्चालन गर्न सकिनेछ ।

(१७) आयोजकले विनियोजित रकमको खर्चको विवरण सर्वजानिक गरि सोको प्रतिवेदन खेलकुद समाप्त भएको मितिले १५ दिन भित्र नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा मार्फत नगरपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद–३

## मार्सल आर्ट प्रतियोगिताको खेल सम्बन्धि थप व्यवस्था

### ५. प्रतियोगिताका लागि थप व्यवस्थाः

(१) प्रत्येक विद्यालयले मार्सल आर्ट खेलका प्रत्येक तौल समुहमा १/१ जना खेलाडी सहभागी गराउन सक्नेछन् ।

(२) मार्सल आर्ट खेल प्रतियोगितामा विजयी खेलाडीहरूलाई नै जिल्ला स्तरीय राष्ट्रिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउनु पर्नेछ ।

परिच्छेद -४

## संक्रमणकालीन व्यवस्था

**६. संक्रमणकालीन अवस्थामा प्रतियोगिता सञ्चालन गर्न गरिएको व्यवस्थाः**

१. नगर स्तरको प्रतियोगिता सञ्चालनका क्रममा कुनै समस्या आई परेमा नगर स्तरीय खेलकुद आयोजक समितिको सिफारिशमा गुलरिया नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**परिच्छेद–५**

## विविध

**१. मूल्याङ्कनका आधारहरुः**

(१) नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश भएका सम्पूर्ण खेल/विधा तथा प्रत्येक इभेन्टसहरुको (व्यक्तिगत तथा सामूहिक स्पर्धातर्फ) प्रथम स्थान हसिल गर्नेलाई स्वर्ण, द्वितिय स्थान हसिल गर्नेलाई रजत र तृतीय स्थान हसिल गर्नेलाई कास्य पदक र प्रमाणपत्र दिईनेछ। समग्रमा प्रथम स्थान, दितीय स्थान र तृतीय स्थानको निर्णय गर्दा स्वर्ण, रजत र कास्य पदक संख्याको आधारमा क्रमशः स्थान निर्धारण गरिनेछ ।तर कुनै विद्यालयले प्राप्त गरेका पदकका प्रकारहरुको सख्या समान रहेमा टिम खेललाई छुयाउने आधार बनाउनु पर्नेछ । टिम खेलको समेत समान रहेमा बढी खेलाडी आवश्यक हुने टिमका आधारमा स्थान निर्धारण गरिने र सोबाट समेत नछुट्टिएमा गोलाप्रथाबाट छुयाउनु पर्नेछ ।

साथै प्रतियोगिता सञ्चालनका क्रममा निर्णायकबाट भएको निर्णयमा चित्तनबुझी कुनै प्रतियोगीले आयोजक वा सञ्चालन गर्ने समिति समक्ष लिखित रुपमा उजुरी गरेमा जाँचबुझ गरी उपयुक्त निर्णय गर्न सक्नेछ । उजुरी गर्ने प्रकृया प्रतियोगिता सञ्चालन गर्ने समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. खेलकुद प्रतियोगितामा सहभागी हुने विद्यार्थी सम्बन्धी विशेष व्यवस्थाः**

१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस शैक्षिक सत्रको माध्यमिक विद्यालयको कक्षा १२ सम्म नियमित रूपमा अध्ययनरत रहेका विद्यार्थीहरू मात्र यस कार्यविधि बमोजिम सञ्चालन हुने खेलकुद प्रतियोगिताहरूमा सहभागी हुन सक्नेछन् ।

२) अन्तराष्ट्रिय स्तरको प्रतियोगिता सहभागी भैसकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराईने छैन ।

३)गैर विद्यार्थी तथा १८ वर्षमा भन्दा बढी उमेर समूहका विद्यार्थीले यो प्रतियोगितामा भाग लिना पाउने छैन । यदि कसैले भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकटतम् प्रर्तिस्पर्धी

खेलाडीलाई प्रदान गरिने तथा मापदण्ड बाहिराका खेलाडी सहभागी गराउने विद्यालय र विद्यालयका प्रधानध्यापकलाई आयोजक समितिले उचित देखेको अनुशासन सम्बन्धी कारवाही गर्ने वा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउना सक्नेछ।

४) सहभागी विद्यार्थीको उमेरको विषयमा कुनै विवादमा भएमा नागरिकताको प्रमाण-पत्र प्राप्त नगरेको विद्यार्थीको हकमा कक्षा ८ को जिल्ला स्तरीय परीक्षाको प्रमाणपत्रमा उल्लेखित जन्ममितिलाई आधार मानिनेछ।

**८.आर्थिक पक्षः**

(१) रकम विनियोजनका आधारहरुः

(क) नगरस्तरीय प्रतियोगिताका लागि प्रत्येक नगरपालिकालाई  संघ वा प्रदेशबाट प्राप्तहुने अनुदान र नगरपालिकाबाट छुट्याईएको रकम विनियोजन हुनेछ।

(२) यस कार्यविधिले समेटेका खेलकुद प्रतियोगिताका संघ वा प्रदेशले  उपलब्ध गराएको बजेट र नगरपालिकाबाट प्रदान गरिने बजेट रकम सोही शीर्षकमा मात्र प्रचलित आर्थिक ऐन, नियमको परिधी भित्र रही खर्च गर्नुपने दायित्व आयोजकको हुनेछ। प्रतियोगिता सञ्चालन गर्न नसक्ने आयोजकले प्राप्त निकासा रकमलाई नियमानुसार फिर्ता गर्नुपर्नेछ।

**९. विनियोजित रकमका खर्चका आधारहरुः**

(१) खेल प्रतियोगिता सञ्चालनका लागि विनियोजित बजेट खर्च गर्दा आयोजकले नेपाल सरकारको प्रचलित आर्थिक ऐन, नियमको परिधिभित्र रही खर्च गर्नुपर्नेछ। साथै, खेल प्रतियोगिता सञ्चालनको लागि विनियोजित बजेट अन्य प्रयोजनको लागि वा यो कार्यविधिमा भएको व्यवस्था बाहिर गएर खर्च गर्न पाइने छैन।

(२) प्रतियोगिताको लागि विनियोजित बजेट कार्यक्रमसम्बन्धी बैठक, खाजा, प्रचार प्रसार,खेल सामग्री, खेलमैदान मर्मत/निर्माण, प्रमाणपत्र, नगद पुरस्कार तथा पदक, प्रतियोगिता उद्घाटन, सञ्चालन, समापन तथा जिल्ला स्तरीय प्रतियोगितामा सहभागी हुन जाँदा उपयोग गर्न सकिनेछ। प्रतियोगिताको उद्घाटन, समापन जस्ता कार्यक्रम सञ्चालन गर्दा मितव्ययिता अपनाउनु पर्नेछ।

**१०. निरीक्षण तथा अनुगमनः**

(१)नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको निरीक्षण तथा अनुगमन सम्बन्धित नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति र अन्य सम्बन्धितनिकायबाट हुनेछ।

**११. लोगोः** राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लोगो रा.खे.प.को सिफारिशमा मन्त्रालयले तोके बमोजिमको हुनेछ।

**१२. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आइपरेमा  नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको सिफारिसमा अन्तिम निर्णय गर्ने अधिकार नगरकार्यपालिकालाई हुनेछ।

**१३. कार्यविधिको संशोधनः** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

अनुसुची-१

**सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा**

**<u>प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारामको नमुना</u>**

१ सहभागी विद्यार्थीको नामः

२ विद्यालयको नाम/ठेगानाः

३अध्ययनरत कक्षाः सेक्सनः रोल नं.

४ जन्म मितिः

५ सहभागी हुने खेलः

६ सहभागी हुने विद्यार्थीको हस्ताक्षरः

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

विद्यालयबाट छनौट भएमा
प्रधानाध्यापकको
नामः
हस्ताक्षरः
मितिः
मोबाइल नं.
विद्यालयको छापः

अनुसुची-२

**<u>विजयी खेलाडीलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा</u>**

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषदको संयोजकत्वमा नगरस्तर प्रतियोगिता आयोजक समिति द्वारा आयोजित अन्तर विद्यालय नगरस्तरीय प्रतियोगिताको ........विद्यामा................. स्थान हासिल गर्नु भएकोमा श्री............................. विद्यालय............ जिल्लाका श्री.......................................  लाई सधन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

अनुसुची-३

<u>विजयी विद्यालयलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा</u>

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्को संयोजकत्वमा नगर स्तरीय प्रतियोगिता आयोजक समिति गुलरिया नगरपालिकाद्धारा आयोजित अन्तर विद्यालय नगरस्तरीय राष्टपति रनिङ्गशिल्ड प्रतियोगितामा ............................ स्थान ......................... गर्नुभएकोमा श्री .......................................... विद्यालय गुलरिया ......................... लाई स-धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ....................................... | ....................................... | ....................................... |
| दस्तखत | दस्तखत | दस्तखत |

(पुनश्च : प्रतियोगिता सञ्चालन गर्दा वितरण गरिने प्रमाणपत्रमा आयोजक वा अतिथि वा विशेष अतिथि वा प्रमुख अतिथि लगायतका महानुभावहरुको मात्र दस्तखत हुनेछ ।)

प्रमाणीकरण मितीः२०७५/१०/०६

आज्ञाले

रामचन्द्र पौडेल

प्रमुख प्रशासकीय अधिकृत